# प्रदेश राजपत्र


प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, असार ०५ गते, २०७६ साल (अतिरिक्ताङ्क ९


## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको ऐन नं. ८

## गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐनले संशोधन गरी थप भएका पारिश्रमिक तथा सेवा सुविधा यो ऐन लागू भएको मिति देखि मात्र लिन सकिनेछ ।

२. गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (२) मा संशोधनः (१) गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ (यस पछि "मूल ऐन"भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछः

(२) उपदफा (१) बमोजिमको सदस्यले पाउने सुविधा मध्ये गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख/उपप्रमुख, गाउँपालिका र नगरपालिका

वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले अनुसुचि-१ मा उल्लेख भए बमोजिमकोबैठक भत्ता वापतको रकम पाउने छन् ।

<u>स्पष्टीकरणः</u>बैठक भन्नाले कार्यपालिका, समिति तथा उपसमितिको बैठक लाई समेत जनाउँछ ।

३. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को तर खण्डको"सदस्यले"भन्ने शब्दको पछि रहेको "दुई पटक" भन्ने शब्दहरुको सट्टा "चार पटक" भन्ने शब्दहरु राखिएको छ ।

४. <u>मूल ऐनको दफा ७ को उपदफा (१) र (२) मा संशोधनः</u>मूल ऐनको दफा ७ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएकोछः

(१) महानगरपालिका तथा उपमहानगरपालिका प्रमुख/उपप्रमुख र नगरपालिकाको प्रमुखलाई सम्बन्धित कार्यपालिकाले एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिमको यातायात खर्च पाउनेछ ।

(२) नगरपालिकाको उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धित स्थानीय तहको आवश्यकता, आन्तरिक राजस्वको परिचालनको अवस्थासमेतलाई ध्यान दिई सम्बन्धित्

कार्यपालिकाको निर्णय बमोजिम एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिमको यातायात खर्च पाउनेछ ।

प्रमाणीकरण मितिः- २०७६/०३/०५

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सरकारको सचिव